**बैठक नं.१७**

आज मिति २०८१/०१/११ गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको २:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभाहल ।

**उपस्थिति**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन मगर | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सद | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | मित्रमणि खनाल | प्रमुख प्रशासकीय अधिकृत | |

अनिल गहतराज - का वा वडाध्यक्ष - ५

सिता खनाल - का वा वडाध्यक्ष - ८

सुर्य बहादुर कार्की - का वा वडाध्यक्ष - ९

गंगादत्त पौडेल - का वा वडाध्यक्ष - 12

कुम बहादुर मर्चाहं - का वा वडाध्यक्ष - १६

**प्रस्ताव नं. १७.१**

मिति २०८०/१२/३० मा बसेको सोह्रौ बैठकको समीक्षा सम्बन्धमा ।

- जितगढी किल्ला व्यवस्थापन समितिको निर्णय बमोजिम जितगढी उत्सव मनाउनका लागि प्रस्ताव भई आएको कार्यक्रम सहितको खर्च विवरण स्वीकृत गरी उत्सव कार्यक्रम सम्पन्न गर्नका लागि विभिन्न समितिहरु गठन गरिएको र जितगढी उत्सव सम्पन्न समेत भैसकेको ।
- प्रदेश समपुरक अनुदान अर्न्तगतका योजना छनोट गरी लुम्बिनी प्रदेश सरकार, अर्थ मन्त्रालय राप्ती उपत्यका (देउखुरी ) दाङमा सिफारिस गरी पठाइएको ।
- प्रदेश विशेष अनुदान अर्न्तगतका योजना छनोट गरी लुम्बिनी प्रदेश सरकार, लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय राप्ती उपत्यका (देउखुरी) दाङमा सिफारिस गरी पठाइएको ।
- नगरकार्यपालिकाको कार्यालयको आफ्नै मुख्य प्रशासनिक भवनको वरिपरि तारवार गर्ने गरी निर्णय लिइएको ।
- जितगढी किल्ला सम्म जाने पहुच सडक निर्माणका लागि बजेट बिनियोजन गरिएको ।
- गौशालामा रहेका चौपायाहरुलाई पानी, पराल, घाँस लगायतका खाना र दानाको आवश्यक प्रवन्ध मिलाउने गरी वडा कार्यालयहरुको जिम्मेवारी बाडफाँट गरिएको ।
- नविन औधोगिक कदर बहादुर रीता मा.वि.मा कक्षा कोठा थपका लागि सिफारिस गरी पठाइएको ।
- विभिन्न संघसस्था एवंम व्यक्तिहरुलाई कार्यक्रम सहयोग एवंम सहयोग उपलब्ध गराउने गरी निर्णय लिइएको ।

**प्रस्ताव नं.१७.२**

नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरणका लागि आय ठेक्का बन्दोबस्ती सम्बन्धमा ।

**निर्णय नं. १७.२**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क र वुटवल उपमहानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा १८ वमोजिम बुटवल उपमहानगरपालिकाको वडा नं. ११,१७ र १८ भएर वग्ने तिनाउ खोलामा रहेको नदीजन्य पदार्थको उत्खनन् र संकलन गरी विक्री वितरण गर्ने प्रयोजनका लागि मिति २०८०।०३।०९ र मिति २०८०।१२।०५गतेको नगरकार्यपालिकाको वैठकवाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन IEE वमोजिम नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्धारा पारित ढुङ्गा,गिट्टी,वालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्वन्धी (दोश्रो संशोधन) मापदण्ड,२०७९ बमोजिम देहाय वमोजिम कार्ययोजना स्वीकृत गरी तिनाउ खोलाको देहायका घाट क्षेत्रवाट देहायको परिमाणमा नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री वितरणका लागि न्यूनतम ठेक्का अंक कायम गरी प्रतिस्पर्धात्मक विधिद्धारा आय ठेक्का वन्दोवस्ती गर्ने निर्णय गरियो ।

| सि. न. | संकलन/उत्खनन् गरिने घाटहरुको नाम | परिमाण घन फुटमा | प्रति घन फुट भ्याट वाहेक | रोयल्टी रकम रु. (भ्याट वाहेक) |
|---|---|---|---|---|
| १ | तिनाउ खोला (प्रगतीनगर , श्रृजनानगर) वडा नं. -११ | १०५६६००.९७ | रु.१८।०० | १,९०,१८,८१७.४६ |
| २ | तिनाउ खोला (हरिहरपुर क्षेत्र नं.२) वडा नं. -१७ | १३१०९४५.१९ | | २,३५,९७,०१३.४२ |
| ३ | तिनाउ खोला (धन्दापुर क्षेत्र नं.१ वडा नं.- १७ र १८ | ६६७१९१.६७ | | १,२०,०९,४५०.०६ |
| ४ | तिनाउ खोला (धन्दापुर क्षेत्र २) वडा नं.- १८ | २९०८७०.८२ | | ५२,३५,६७४.७६ |
| ५ | तिनाउ खोला (धन्दापुर क्षेत्र नं.३) वडा नं. -१८ | ७४७१५५.५१ | | १,३४,४८,७९९.१८ |
| ६ | तिनाउ खोला (सौराह क्षेत्र नं.२) वडा नं. -१८ | २०४१५३.७० | | ३६,७४,७६६.६ |

**प्रस्ताव नं. १७.३**

लुम्बिनी बस टर्मिनलको आय ठेक्का बन्दोबस्ती गर्ने सम्बन्धमा ।

**निर्णय नं.१७.३**

बुटवल उपमहानगरपालिका वडा नं. ९ स्थित लुम्विनी बस टर्मिनलको संचालन तथा व्यवस्थापनका लागि आय ठेक्का वन्दोवस्ती गर्नुपर्ने भएकोले वस टर्मिनलको सेवा (बस टर्मिनल भित्र रहेको सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन, राजश्व अनुसन्धान कार्यालय रहेको टर्मिनल भवन र सो भवनको दक्षिण पश्चिम तर्फ पार्किङका लागि छुट्टयाईएको साढे दुई कठ्ठा खाली जग्गा, सपिङ्ग कम्प्लेक्स, सरसफाई र टर्मिनल परिसर भित्र १ मासु पसल स्टल टंकी राख्ने र सो को व्यवस्थापन न.पा.आफैले गर्ने गरी वाहेक) प्रयोग गरे वापत सवारी साधनवाट लिईने सेवा शुल्क र तोकिएका पसलहरुको दैनिक वहाल रकम असुली गर्ने कार्य गर्न निजी क्षेत्र मार्फत कानून वमोजिम आय ठेक्का वन्दोवस्तीका लागि मिति२०८०।१२।२६ गतेको राजश्व परामर्श समितिको निर्णयानुसार आगामी दुई आ.व.(२०८१/२०८२ र २०८२/२०८३) का लागि न्यूनतम ठेक्का रकम भ्याट वाहेक रु.२,५५,००,०००।–(अक्षेरुपी दुई करोड पच्पन्न लाख रुपैया मात्र) निर्धारण गरी बुटवल उपमहानगरपालिकाको आय ठेक्का वन्दोवस्ती गर्ने सम्वन्धी नियमावली, २०७६ बमोजिम आय ठेक्का वन्दोवस्तीको प्रकृया अगाढि वढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.४**
हाट बजार संचालन तथा व्यवस्थापन सम्बन्धमा ।
**निर्णय नं.१७.४**

वुटवल उपमहानगरपालिका क्षेत्रभित्र संचालन भैरहेका देहाय वमोजिमका वडा अर्न्तगत रहेका हाटवजारहरुको संचालन तथा व्यवस्थापनको ठेक्काको म्याद यहि मिति २०८१ आषाढ मसान्तसम्म रहेको हुदा मिति २०८०।१२।२६ गतेको राजश्व परामर्श समितिको बैठकको निर्णयानुसार आगामी दुई आ.व (आ.व.२०८१/२०८२ र २०८२/२०८३) को न्यूनतम ठेक्का अंक (भ्याट वाहेक) निर्धारण गरी निजी क्षेत्र मार्फत आर्थिक ऐनमा तोकिएको वहाल विटौरी शुल्क असुली गर्ने कार्यका लागि बुटवल उपमहानगरपालिकाको आय ठेक्का वन्दोवस्ती गर्ने सम्वन्धी नियमावली,२०७६ बमोजिम हाटवजारहरुको संचालन तथा व्यवस्थापनको आय ठेक्का वन्दोवस्तीको प्रकृया पुरा गरी टेण्डर प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

| सि.न. | हाटवजार र लाग्ने वार | | आ.व.२०८१/२०८२ र २०८२/२०८३को लागि न्यूनतम ठेक्का अंक(भ्याट वाहेक) |
|---|---|---|---|
| १ | वडा नं.५, अमरपथ | मंगलवार, बुधवार, शुक्रवार र शनिवार | १,२१,२४,२००।०० |
| २ | वडा नं.७, दिपनगर | सोमवार र विहीवार | २३,०१,१५०।०० |
| ३ | वडा नं.११, दुर्गानगर,मजुवा | सोमवार | ३,३१,२००।०० |
| ४ | वडा नं.११, देवीनगर | मंगलवार र शुक्रवार | १३,४५,५००।०० |
| ५ | वडा नं.१२,नयागाउँ | आईतवार र विहीवार | १०,९८,२५०।०० |
| ६ | वडा नं.१५,सेमलार | शुक्रवार | १,८५,१५०।०० |
| ७ | वडा नं. १७,मोतिपूर,रानीगन्ज | आईतवार र बुधवार | ७,२६,८००।०० |
| ८ | वडा नं १८,पोखरावारी | विहीवार | ९०६२०।०० |

**प्रस्ताव नं.१७.५. विविध ।**
**प्रस्ताव नं. १७.५.१**
नेपाल सरकारको नाममा जग्गा कायम गर्ने सम्बन्धमा ।
**निर्णय नं. १७.५.१**
बुटवल उपमहानगरपालिका वडा नं.१५ स्थित साविक सेमलार गा.वि.स. वडा नं. १ ङ कि.न.१८८ ज.वि.८-१३-११ आठ विगाह तेह्र कठ्ठा एघार धुर जग्गा फिल्डबुकमा पर्ति जनिएको, विगतका आयोगहरु एवं कुनै पनि समितिहरुबाट कहि कतै नाँप जाँच नभएको नगरकार्यपालिकाको कार्यालयबाट पनि कोही कसैलाई उपलब्ध नगराएको वडा कार्यालय वडा नं.१५ को प.सं.०८०/०८१ च.नं. २०१५ मिति

२०८१/१/९ को पत्र र सो साथ प्राप्त हुन आएको सरजमिन मुचुल्का समेतका आधारमा देहाय बमोजिमको चौकिल्ला भित्रको उल्लेखित कि.न. १८८ को जग्गा नेपाल सरकारको नाममा कायम हुने गरी आवश्यक प्रकिया अगाडि बढाउन मालपोत कार्यालय बुटवलमा लेखि पठाउने निर्णय गरियो ।
पूर्वः-कि.नं.५२४ दानव नदी समेत ।
पश्चिमः- दानव नदी ।
उत्तरः-दानव नदी ।
दक्षिणः- बाटो कित्ता नं. २२३, ४७७, ४७८,४७९, ४८०,२२५ र ५२४ ।

**प्रस्ताव नं.१७.५.२**
संशोधन सम्बन्धमा ।
**निर्णय नं. १७.५.२**
मिति २०८०/१२/३० मा बसेको नगरकार्यपालिकाको सोह्रौ बैठकको निर्णय नं. १६.३ प्रदेश समपुरक अनुदान अर्न्तगतका योजना छनौट सम्बन्धी बुदा नं.२ मा उल्लेख भएका आयोजनाहरु हाल कार्यान्वयन हुने अवस्थामा नभएकोले सो को सट्टामा देहाय बमोजिमको योजना छनौट गरी लुम्बिनी प्रदेश सरकार अर्थ मन्त्रालय राप्ती उपत्यका (देउखुरी) दाङमा सिफारिस गरी पठाउने निर्णय गरियो ।
१. बुटवल- १ स्थित जितगढी किल्लाको तल आरती केन्द्र स्थापना एवं निर्माण ।

**प्रस्ताव नं. १७.५.३**
संशोधन सम्बन्धमा ।
**निर्णय नं.१७.५.३**
मिति २०८०/१२/३० मा बसेको नगरकार्यपालिकाको सोह्रौ बैठकको प्रस्ताव नं.१६.९ विविध निर्णय नं. १६.९.१ को बुदा नं.९ मा पूर्व सिद्धनगर दुर्गापथ टोल विकास संस्था बुटवल -११ लाई कुलोको वालमा माटो फिलिङ्ग, होडिङ बोर्ड र तारवार प्रयोजनका लागि सहयोगको शीर्षक हुनु पर्नेमा अन्यथा भएकोले संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७.५.४**
कार्यदल गठन सम्बन्धमा ।
**निर्णय नं. १७.५.४**
बुटवल उपमहानगरपालिका अर्न्तगतका १४ - १९ सम्मका वडाहरु शहर देखि टाढा रहेका र ग्रामिण बस्तीहरु भएको । सडकमा खाल्टा खुल्टी परि पैदलयात्री र सवारी साधनको आवागमनमा असुविधा भएको र उक्त जिर्ण सडकहरु मर्मत गर्नुपर्ने भएको हुँदा के कसरी कस्तो विधि अवलम्बन गर्दा उपयुक्त हुन्छ १० दिन भित्र सडकको विवरण सहित प्रतिवेदन पेश गर्नका लागि देहाय बमोजिमको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

- श्री शिव राना, वडाध्यक्ष वडा नं.१५ एवं प्रवक्ता - संयोजक
- श्री ज्ञान बहादुर रेश्मी, वडाध्यक्ष वडा नं.१७ - सदस्य
- श्री चन्द्र सिंह थापा मगर, वडाध्यक्ष वडा नं.१९ - सदस्य

- श्री योगेश चापागाई, वातावरण ईन्जिनियर, अधिकृतस्तर छैटौं तह- सदस्य
- श्री जिवन भट्टराई, अधिकृतस्तर छैटौ तह - सचिव

**प्रस्ताव नं. १७.५.५**

कार्यदल गठन सम्बन्धमा ।

**निर्णय नं. १७.५.५**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको मुख्य प्रशासनिक भवनको प्रवेशद्वार समिपमा रामापिथेकसको मुर्ति रहेको र कार्यालय परिसर भित्रै कर्णेल उजिरसिंह थापाको शालिक राख्नका लागि पाल्नु हुने अतिथि लगायतका कतिपय उपमहानगरवासीहरु समेतबाट मौखिक सुझावहरु आएको हुँदा कार्यालय परिसरको कुन स्थानमा कर्णेल उजिरसिंह थापाको मुर्ति राख्दा उपयुक्त हुन्छ सो बारेमा अध्ययन गरी ७ दिन भित्र प्रतिवेदन दिनका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

- श्री सावित्रा देवी अर्याल, उपप्रमुख - संयोजक
- श्री शिव राना, वडाध्यक्ष वडा नं. १५ एवं प्रवक्ता - सदस्य
- श्री मित्रमणी खनाल, प्रमुख प्रशासकीय अधिकृत - सचिव

**प्रस्ताव नं. १७.५.६**

बजेट व्यवस्था सम्बन्धमा ।

**निर्णय नं. १७.५.६**

बुटवल उपमहानगरपालिका वडा नं.७ स्थित शिवनगरमा रहेको गौशालामा नगरका मुख्य एवं भित्री सडकहरुमा यत्रतत्र हिडडुल गरेका छाडा चौपायाहरुलाई व्यवस्थापन गरिदै आएको छ । हाल गर्मी यामका कारण उक्त गौशालामा रहेका चौपायाहरु बिरामी हुने गरेको हुँदा साँझ, बिहान र कुनै पनि बेला तत्कालिन उपचार गर्नुपर्ने भएकोले उपचार प्रयोजनका लागि सम्बन्धित शीर्षकबाट रु. २ लाख बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.५.७**

भ्रमण सम्बन्धमा ।

**निर्णय नं.१७.५.७**

बुटवल उपमहानगरपालिका क्षेत्र भित्र कियाशिल राजनैतिक दलहरु र कार्यपालिकाका सदस्यहरु सहितको संयुक्त भ्रमण टोली अध्ययन एवं अवलोकन भ्रमणमा जादा अनुभव आदान प्रदान, नगरको समग्र विकासमा टेवा पुग्ने र सुझाव लिई नीतिगत निर्णय गर्न सहज हुने हुँदा राष्ट्रिय मान्यता प्राप्त दलहरुबाट २/२ जना, अन्य दलहरुबाट १/१ जना र कार्यपालिकाका सदस्यहरु सबै रहने गरी संयुक्त भ्रमणका लागि सम्बन्धित शीर्षकबाट रु.५ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१७.५.८**

भवन निर्माण सम्बन्धी मापदण्ड, २०७७ संशोधन सम्बन्धमा ।

**निर्णय नं.१७.५.८**

बुटवल उपमहानगरपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड, २०७७ को बुदा नं.२.२ आवासीय तथा व्यापारिक क्षेत्र तालिका २ बुटवल उपमहानगरपालिकाको आवासीय तथा व्यापारिक क्षेत्रको न्यूनतम क्षेत्रफल, अधिकतम ग्राउण्ड कभरेज र एफ.ए.आर मा देहाय बमोजिम हुने गरी थप एवं संशोधन गर्ने निर्णय गरियो ।

तालिका २ : बुटवल उपमहानगरपालिकाको आवासीय तथा व्यापारिक क्षेत्रको न्यूनतम क्षेत्रफल, अधिकतम ग्राउण्ड कभरेज र एफ.ए.आर

| क्र.स. | भवनको किसिम | अधिकतम ग्राउण्ड कभरेज | अधिकतम एफ.ए.आर |
|---|---|---|---|
| १ | आवासीय कम व्यापारिक भवन | ८५ व.मि. देखि २५५ व.मि.सम्म ७०% | ३.० |
| | | २५५ व.मि.भन्दा बढी ६०% | ३.० |
| २ | मिश्रित भवन | ५०% | ३.० |
| ३ | व्यापारिक कम्प्लेक्स | ४०% | ३.० |
| ४ | होटल, तारे होटल | ४०% | ३.० |
| ५ | शैक्षिक भवन | ४०% | ३.० |
| ६ | संस्थागत भवन | ४०% | २.५ |
| ७ | सिनेमा हल, थिएटर | ४०% | २.५ |
| ८ | नर्सिङहोम, अस्पताल | ४०% | ३.० |

**प्रस्ताव नं.१७.५.९**

शोक प्रस्ताव सम्बन्धमा ।

बुटवल उपमहानगरपालिकाको वडा नं.८ का वडाध्यक्ष श्री यज्ञ प्रसाद पंगेनीकी ममतामयी माता लुम कुमारी पंगेनीको मिति २०८१।०१।०९ गतेका दिन ७३ वर्षको उमेरमा असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै यस दुखद घडीमा धैर्य धारण गर्ने शक्ति मिलोस भनी शोकसन्तप्त परिवारजनमा यो बैठक गहिरो समवेदना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।